सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शाखा प्रमुख श्री अर्जुन प्रसाद नेपाल शिनपा

शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

**मिति २०७८/३/१ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. नगरपालिकाको स्वामित्वको एक्साभेटर मेशिन सम्बन्धमा ।

२. कोविडका कारण मृतकका परिवारलाई राहन सम्बन्धमा ।

३. राजश्वका दर सम्बन्धमा ।

४. आगामी आ.व.को वजेट तथा कार्यक्रम सम्बन्धमा ।

५. नगरसभाको मिति निर्धारण सम्बन्धमा ।

६. स्वास्थ्य इकाई थप गर्ने सम्बन्धमा ।

७. मलेपको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

८. प्रधानमन्त्री रोजगार तर्फको योजना संसोधन सम्बन्धमा ।

९. पूर्व कार्यपालिको बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको लागि कपिलवस्तु जिससबाट हस्तान्तरण भई आएको ब्रेकर सहितको एक्साभेटर मेशिन २०७७ फाल्गुन मसान्त सम्म भाडामा उपलब्ध गराउने गरी खेम कन्स्ट्रक्सन प्रा.लि.सैनामैना ११ रुपन्देही र कार्यालय विच मिति २०७६ साल जेष्ठ २ गते सम्झौता भएकोमा कोभिड समेतका कारणले २ महिनाको म्याद थप गरि दिने र किस्ता बुझाउने समयावधि समेत हेरफेर गर्ने गरी मिति २०७७/३/२२ गतेको कार्यपालिकाबाट निर्णय अनुसार बुझाउन बाँकी रहेको रकम रु ९०००००।- को बैंक जमानत लिई २०७८ साल बैशाख मसान्त भित्र मेशिन फर्ता गर्ने गरी सम्झौताको अवधि २ महिना थप गरिएकोमा मिति २०७७/८/१७ गते रु ३०००००।- बुझाई अन्य किस्ता नबुझाएको अवस्थामा मिति २०७७/१२/३० मा रु ६०००००।- बैंक जमानतबाट उपलब्ध गराई दिन बैकलाई पत्राचार गरिएकोमा पुन मिति २०७८/२/५ मा ताकेता पत्र लेखिएको र सम्झौताको सर्त बमोजिम बैशाख मसान्त भित्र मेशिन कार्यालयलाई बुझाउनु पर्नेमा नबुझाएकोले मिति २०७८/२/५ मा पत्राचार गर्दा उक्त कन्स्ट्रक्सनले मिति २०७८/२/७ गते मेशिन विक्रीएको र लकडाउनका कारण बनाउन

नसकिएकोले म्याद थप गरि दिन र मर्मत पश्चात बुझाईने भनि निवेदन दिएको अवस्थामा मिति २०७८/२/२४ गते राती अज्ञात समुहबाट मेशिनमा आगजनी भएको भन्ने व्यहोराको निवेदन सम्बन्धित पक्षबाट प्राप्त भएको सन्दर्भमा हाल लाई सम्झौता बमोजिम बुझाउन बाँकी रहेको किस्ता रकम रु ६०००००।- को बैकलाई पत्राचार भएकोमा बैक जमानत बापत रहेको पुरै रकम रु ९०००००।- नै उपलब्ध गराई दिन बैकलाई पत्राचार गर्ने र मेशिनको अवस्था तथा क्षतिको सन्दर्भमा अध्ययन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न तपशिल बमोजिमको समिति गठन गर्ने । समितिबाट प्रतिवेदन प्राप्त भएपछी सम्झौता बमोजिम चालु अवस्थामा मेशिन उपलब्ध हुन नसक्ने अवस्था भएमा कार्यपालिकाको बैठकबाट गरिने निर्णय तथा सो सम्बन्धमा अन्तिम किनारा नलागे सम्म बुझाउनु पर्ने किस्ता रकम भन्दा बढी प्राप्त हुने रु ३०००००।- कार्यालयमा आम्दानी गरी पछी अन्तिम किनारा लागेपश्चात हुने निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक नगर उप- प्रमुख श्री टिकाराम रेश्मी मगर शिनपा

सदस्य इन्जिनियर श्री विवेक के.सी. शिनपा

सदस्य वडा अध्यक्ष श्री ऋषि बहादुर रेश्मी शिनपा

सदस्य वडा अध्यक्ष श्री बाबुराम गैरे शिनपा

सदस्य सचिव सहायक पाचौं श्री कमल पन्थी शिनपा

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाका नागरिकहरु कोभिडका कारणले केही व्यक्तिको मृत्यु भएको सन्दर्भमा निजका परिवारहरुलाई प्रमाणको आधारमा प्रति मृतक रु ५००००।- कोभिड कोषबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाले लिन पाउने कर, राजश्का दरहरुको सन्दर्भमा आगामी आ.व.मा संकलन हुने राजश्व, करका दरहरु राजश्व परामर्श समितिबाट शिफारिस भई आएका करका दरहरुको सन्दर्भमा छलफल भयो । केही सुझाव तथा थपघट सहित उक्त दरहरु स्वीकृतीको लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आगामी आ.व २०७८/०७९ को वजेट तर्जुमा गर्ने सन्दर्भमा छलफल भयो । पूर्व पत्रबाट वडाहरुलाई उपलब्ध गराईएको वजेट शिलिङ्ग तथा मार्ग दर्शन बमोजिम योजना तर्जुमाको प्रकृया अगाडी बढीरहेको सन्दर्भमा केही नीति, प्राथमिकताका आधारहरु समेत थपघट भएको र वजेट शिलिङ्ग यथावत रु ५० लाख भएकोले उक्त अनुसार वडा स्तरमा योजना तथा कार्यक्रम तर्जुमा गरी

मिति २०७८ आषाढ ६ गते भित्र अनिवार्य पेश गर्ने र कार्यक्रम तर्जुमा गर्दा आर्थिक विकासमा कम्तिमा १० लाख, सामाजिक विकासमा कम्तिमा रु ५ लाख, पूर्वाधार विकासमा कम्तिमा रु ३० लाख र वातावरण विपद्, संस्थागत सुधारमा कम्तिमा ५ लाख विनियोजन गरी कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम, वजेट, योजना तथा कार्यक्रम तर्जुमा र विभिन्न ऐनहरु स्वीकृत गर्ने सम्बन्धमा मिति २०७८ साल आषाढ १० गते विहान ११ वजे शिनपा ३ ठाडाको सामुदायिक भवनमा नगरसभा बस्ने र सो को पूर्व तयारीको लागि मिति २०७८ साल आषाढ ९ गते कार्यपालिको बैठक वस्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा भौगोलिक रुपमा ठूलो नगरपालिका, छरिएर रहेको वस्तीका कारण दुर्गम स्थानमा वसोवास गर्ने नगरवासीहरु स्वास्थ्य सुविधाको पहुँच बाट टाढा रहेकोले तपशिलको स्थानमा स्वास्थ्य इकाई थप गर्ने निर्णय गरियो ।

तपशिल

(क) डोटेखर्क शिनपा ५, (ख) गन्दी शिनपा १४, (ग) मुसियान शिनपा १३, (घ) डोहोटे शिनपा १२, (ङ) मगरा कल्लेरी शिनपा ७, (च) खोरमोर शिनपा १४, (छ) बाहुनखर्म शिनपा १३, (ज) धोदरे शिनपा ८, (झ) रागाकाटे शिनपा ९, (ञ) सामकोट शिनपा १०, (ट) गल्दुङ्ग शिनपा ६, (ठ) बोक्सेचौर शिनपा ६

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको आ.व.२०७६/०७७ को महालेखा परिक्षकको कार्यालयबाट खटिई आएको मलेप डोर अर्घाखाँचीबाट लेखापरिक्षण भई प्राप्त हुन आएको मलेपको प्रारम्भिक प्रतिवेदन आजको बैठकमा प्रस्तुत भयो । सो सम्बन्धमा उल्लेख भएका कतिपय विषयहरु प्रमाण पेश हुदा हुदै पनि उल्लेख हुन गएका कतिपयमा केही कागजातहरु अपुग भएको समेतका सन्दर्भमा उक्त प्रतिवेदनमा उल्लेखित वेरुजुहरु नियमित तथा सम्परिक्षण गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका वडा नं. ३ तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ.व.को उक्त वडाको सिमाभित्रको रकम पूर्व विनियोजन अनुसार कामका आधारमा केही हेरफेर गर्नु पर्ने भएकोले तपशिल बमोजिमका योजनामा तपशिल बमोजिमको रकम विनियोजन तथा हेरफेर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

(क) चिदेरी लखनटारी कुलो निर्माण थप रु १०००००।-

(ख) सितापुर कैलासे मो.वा कच्ची नाली निर्माण थप रु १०००००।-

(ग) खिव्दी खानेपानी पाईपलाईन खन्ने पुर्ने थप रु १०००००।-

(घ) मुस्लेघाट पद्मे खा.पा.को रु १५००००।- हटाई थप समेत गरी जम्मा रु २५००००।- राताडाँडा पदमे गो.वा. निर्माण गर्ने ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस शितगंगा नगरपालिका नगरकार्यपालिकाको चालु आ.व.मा हाल सम्म भएका १६ वटा बैंठकबाट गरेका निर्णयहरुको सन्दर्भमा समिक्षा गरियो । मिति २०७७/११/२२ गतेको कार्यपालिकाको बैंठकबाट सुरक्षित नागरिक आवास कार्यकम अर्न्तगतको कार्य हाल सम्म कार्यान्वयन चरणमा पुग्न सकेको अवस्था देखिएन । पूर्व निर्णयहरुको सन्दर्भमा अधिकांश निर्णयहरु कार्यान्वयन भएको पाईयो । केही निर्णयहरुको सन्दर्भमा समयमै कार्यान्वयन गर्नु पर्नेमा सो नभएको पाईएकोले तदारक्ताका साथ कार्यान्वयन गर्ने र आगामी दिनमा कार्यपालिकाको बैठकबाट हुने निर्णयहरु समयमै कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशित गर्ने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

**मिति २०७८/२/२५ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. क्षेत्रगत नीति तथा प्राथमिकताका आधार निर्धारण गर्ने सम्बन्धमा ।

२. वडा स्तरीय योजना तर्जुमा गर्दा अपनाउनु पर्ने मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा तपशिल बमोजिमका शिनपाका क्षेत्रगत नीति, योजना प्राथमिकताको आधारमा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्ने निर्णय गरियो

## शितगंगा नगरपालिकाको क्षेत्रगत नीतिहरु

(क) **पूर्वाधार सम्बन्धी :-**

१. निर्मित पूर्वाधारको (सडक) स्तरोन्नती गरी सवै मौसममा सवारीका साधन संचालन हुन सक्ने बनाइने छ ।

२ निम्न सडक पूर्वाधारहरुलाई नगरको गौरवको आयोजनाको रुपमा संचालन भई रहेकोलाई निरन्तरता दिईने छ ।

क. सितापुर सुवर्णखाल नेटापोखरा सडक (सहिद यज्ञ मिन स्मृती मार्ग)

ख. ठाडा- अमराई - जुकेना - देउराली - ऐरावती सडक (पतञ्जली मार्ग)

ग चाक्ला - बोहखर - पाँकुरी हुँदै धानखोलो सडक

घ पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग) - चाक्ला देउराली विक्रम सडक खण्ड

३ नगरपालिकाको भवन निर्माणको कार्य आगामी वर्ष भित्र सम्पन्न गर्ने गरी स्रोत विनियोजन गरिनेछ ।

४ वडा कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन बाँकी वडा कार्यालाय भवन निर्माण कार्य प्रारम्भ गरी सम्पन्न गरिनेछ ।

५ नगरभित्र उत्पादित कृषि उपजको संरक्षण एवं कृषिक्षेत्रमा व्यवसायिकरणको लागि निजी र सरकारी क्षेत्रको साझेदारी अवधारणामा (कोल्ड स्टोर्स) शितगृह निर्माणको संभाव्यता अध्ययन गरिनेछ ।

६ सवै बस्तीहरुमा खानेपानी एवं सरसफाई सुविधा प्राथमिकताको आधारमा संचालन गरिनेछ ।

७ कृषिको व्यवसायिकरणको लागि जनसहभागितामा आधारित सिंचाईको प्रवर्द्धन गरिनेछ ।

८. शौर्य सिंचाई प्रविधिमा आधारित सिंचाई योजना निर्माणमा समपुरक रकमको व्यवस्था गरिने छ ।

९ टोल वा वस्तीका ग्रामिण सडकहरुको स्तरोन्नतीको लागि लाभान्वित समुदायबाट ५ प्रतिशत श्रमदान सुनिश्चितता हुने गरी ९५ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिनेछ।

१० छरिएको वस्तीलाई व्यवस्थित गरी पूर्वाधार निर्माण एवं आधाभूत सेवा प्रवाहमा सुनिश्चिताको लागि एकिकृत वस्ती विकासको लागि नेपाल सरकार, प्रदेश सरकार संगको समन्वयमा अगाडी बढाईने छ।

११ श्रमदानको अतिरिक्त टोल बस्तीमा जाने ग्रामिण सडकहरु कम्तिमा २० फिट चौडाइको मापदण्ड तोकिएकोले बाटोको Alingment मा पर्ने जग्गामा जग्गाधनीहरुबाट निःशुल्क जग्गा उपलब्ध हुने सुनिश्चितताको लिखित कागजात पेश गर्नु पर्नेछ।

१२ सडक स्तरोन्नतीको लागि बजेट निनियोजन गर्दा रु ५ लाख भन्दा ठूला योजनामा कम्तिमा ८० प्रतिशत रकम र रु ५ लाख भन्दा कमका सडक योजनामा कम्तिमा ५० प्रतिशत रकम मर्मत बाहेक स्टक्चर (नाला, कल्भर्ट, कजवे, मेशिनरीवाल, ग्राभेल वा जाली भर्ने आदि) मा काम गर्ने गरी लागत अनुमान तयार गरी कार्य सम्पादन गरिने छ।

१३ श्रममा आधारित रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गरिने छ।

## (ख) आर्थिक विकास

१ कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ।

२ प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र संचालनको कार्यक्रमलाई थप विस्तार गरिनेछ।

३ उत्पादनमा आधारित अनुदान वितरणलाई गत विगतको सिकाईबाट कार्यविधिमा परिमार्जन गरी थप प्रभावकारी हुने गरि निरन्तरता दिईनेछ।

४. समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि निर्माणाधिन कोसेली घरको भरपुर उपयोग गरी वजारीकरणको व्यवस्था गराईनेछ।

५. पशु विकास कार्यक्रमलाई विशेष प्राथमिकता दिइने छ। पशु विकासको लागि गोठ/खोर सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिदैं नगरवासीलाई प्रमुख आय आर्जनको माध्यम बनाईने छ।

६. सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुऱ्याइने छ।

७. कृषि र पशु विकास मार्फत उत्पादन बढाई आत्मनिर्भर बनाउन कृषकलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन एक वडा एक कृषि वा पशु प्राविधकको व्यवस्था मिलाईने छ।

## (ग) सामाजिक सेवा

१ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान विद्यालयहरु मर्ज, शिक्षक तालिम जस्ता कार्यक्रमहरुलाई आवश्यक्ता अनुसार निरन्तरता दिईने छ।

२ प्रत्येक वडामा लिडिङ विद्यालय तोकी सो को संयोजनमा अन्य विद्यालयहरु वीच विद्यार्थी अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

३ शिक्षण गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता नियमितता, शिक्षकहरुको हाजिरी नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिमा र विद्यालयको नियमित मासिक वैठक गरिनेछ।

४ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर जस्ता आधारभुत पूर्वाधारमा लगानी बढाइने छ।

५ शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयको उत्कृष्ठ विद्यालय एवं शिक्षक छनौट गरी पुरस्कृत एवं नगर शिल्ड उपलब्ध गराइने छ।

### आयोजना प्राथमिकिकरणका आधारहरु:-

आगामी आ.व.०७८/०७९ को लागि वार्षिक आयोजना प्राथमिकता गर्न निम्न आधारहरु अवलम्बन गरिएको छ ।

१ निर्मित पुर्वाधारहरुलाई दिगो व्यवस्थापन मार्गदर्शन रुपमा संचालन गरिने ।

२ नगरगौरवका आयोजनालाई उच्च प्राथमिकरणका साथ सञ्चालन गरिने ।

३ रोजगारी एवं स्वरोजगारीका उच्च संभावनायुक्त क्षेत्रहरु कृषि, पशुपालनलाई विशेष प्राथमिकरण गरिने ।

४ निर्मित संरचनाहरु (विद्यालय, स्वाथ्यचौकी, खानेपानी आयोजना आदि) को मर्मत संभार एवं संचालनलाई विशेष महत्वका साथ संचालन गरिने ।

५ कृषि र पशुपालन व्यवसायमा आधारित कम्तिमा प्रत्येक वडामा १ सहकारी संस्थाको स्थापना एवं संस्थागत विकास गरिने ।

६ महिला/आदिवासी जनजाती/अपाङ्ग/दलित/जेष्ठ नागरिक जस्ता लक्षित कार्यक्रमहरुको प्रभाव देखिने गरी संचालन गरिने ।

७ स्थानीय श्रम सीप स्रोत र साधनको अधिकतम परिचालन गरिने छ ।

८ श्रममा आधारित रोजगार कार्यकमलाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गरिने छ ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व.को वजेट तथा कार्यकम तयार गर्ने सन्दर्भमा तपशिल बमोजिमको मार्गदर्शनमा आधारित रही वडा कार्यालयहरुलाई कार्यकम तर्जुमाको लागि पठाउने निर्णय गरियो ।

**वडास्तरीय योजना/कार्यक्रम प्रस्ताव गर्दा अपनाउनु पर्ने मार्गदर्शनहरु :-**

१. नयाँ सडक निर्माण तथा पुराना सडकको लम्बाई विस्तार भन्दा निर्मित सडकको स्तरोन्नतीको लागि प्राथमिकता दिनु पर्नेछ ।

२ सडक स्तरोन्नतीको लागि बजेट विनियोजन गर्दा रु ५ लाख भन्दा ठूला योजनामा कम्तिमा ८० प्रतिशत रकम र रु ५ लाख भन्दा कमका सडक योजनामा कम्तिमा ५० प्रतिशत रकम स्टक्चर (नाला, कल्भर्ट, कजवे, मेशिनरीवाल, ग्राभेल वा जाली भर्ने आदि) मा काम गर्ने गरी लागत अनुमान तयार गरी कार्य सम्पादन गरिने छ ।

३. सडकको विस्तारको कार्यक्रम प्रस्ताव गर्दा सडक Alignment मा पर्ने जग्गा धनीहरुबाट निःशुल्क रुपमा जग्गा उपलब्ध हुने गरी मागकर्ताबाट लिखित सहमति समावेश गर्नु पर्नेछ । साथै कुनै पनि स्थानीय सडक कम्तिमा २० फिट चौडाईको हुनुपर्नेछ र भित्री ग्रामीण सडकको केन्द्रबाट ३/३ मिटर दायाँ बायाँ विस्तार हुने सुनिश्चितता कायम गर्नु पर्नेछ ।

४. सिचाई कुलोको कार्यक्रम प्रस्ताव गर्दा खेतियोग्य जमिनको क्षेत्रफल, जमिन बाँझो नरहेको क्षेत्र र कृषकहरुको सक्रिय सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ । साथै कम्तीमा ५ प्रतिशत श्रमदानको सुनिश्चितता हुनु पर्ने छ ।

५. खानेपानीका योजना प्रस्ताव गर्दा निर्माण सामग्री, दक्ष मिस्त्री बाहेक अन्य कार्य उपभोक्ता समितिबाट हुने सुनिश्चिता हुनु पर्नेछ । साथै उ.स. बाट ५% भन्दा वढी जनसहभागिता जुटाउने गरी माग भएको कार्यक्रम/योजनालाई उच्च प्राथमिकता दिनुपर्नेछ ।

६. कृषि र पशु विकासको कार्यक्रममा पकेट क्षेत्र तोकी पेश गर्नु पर्नेछ । यी दुबै क्षेत्रको कार्यक्रम कृषि वा पशु विकास शाखाको सहजिकरणमा कार्यान्वयन गरिने छ । प्राप्त वजेट शिलिङ्को २० प्रतिशत कृषि र पशु विकासमा विनियोजन गर्नु पर्नेछ ।

७. लक्षित कार्यक्रमको प्रस्ताव गर्दा कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त भई उपलब्धि देखिने खालका छनौट गर्नु पर्ने छ ।

८. कार्यक्रम छनौट गर्दा वडा सदस्यको संयोजनमा (वडालाई ४ कलष्टरमा विभाजन गरी) बस्ती स्तरमा सम्वद्ध सरोकारवालाहरुको व्यापक सहभागितामा छलफल गराई आयोजना/कार्यक्रमको माग संकलन गर्नु पर्नेछ । भेलाको निर्णय सहितको माइन्यूटको फोटोकपी सहित पेश गर्नु पर्ने छ ।

९. बस्ती स्तरबाट प्रस्तावित आयोजना/कार्यक्रमहरुलाई वडा समिति एवं सरोकारवालाहरुको व्यापक सहभागिता वडास्तरिय आयोजना/कार्यक्रम छनौट गर्नु पर्नेछ ।

१०. कार्यक्रम प्रस्ताव गर्दा ५ वटै विषयगत क्षेत्रलाई समावेश गरेको हुनु पर्ने छ । वडाबाट छनौट भएका आयोजनाहरुको अनिवार्य रुपमा क्षेत्रगत प्राथमिकीकरण गर्नु पर्नेछ । साथै रकम उल्लेख गर्नु पर्नेछ ।

११. प्रशासनिक खर्च, तालिम खर्च, कार्यालय संचालन एवं व्यवस्थापनको लागि न.पा. बाटनै बजेटको व्यवस्थापन गरिने भएकाले यस्ता प्रशासनिक वा कार्यालय संचालन जस्ता कार्यक्रम प्रस्ताव गर्न पाइने छैन ।

१२. चालु आ.व.मा दायित्व रहेको वा विगत देखी भुक्तानी दायित्व रहेको भनि कुनै कार्यक्रम प्रस्ताव गर्न पाईने छैन ।

१३. वडाबाट गर्न नसकिने प्रकृतिका जटिल संरचना, लागत धैरै हुने, धेरै जनता लाभाविन्त हुने र स्थानीय रोजगारीमा वृद्धि हुने प्रकृतिका कार्यक्रमहरुको अलग सूची संलग्न गरी माग गर्नु पर्नेछ ।

१४. वडा कार्यालयबाट आयोजना/कार्यक्रम सूची नगर कार्यपालिकामा पेश गर्दा वडा समितिका सदस्यहरुको हस्ताक्षर संलग्न हुनु पर्नेछ ।

१५. पूर्वाधार निर्माणमा Cbio -gineering (वायो इन्जिनियरिङ्ग) को लागि सडक आसपासमा पशु आहारामा सहयोगि हुने घास वा विरुवा रोप्ने कार्यक्रम समावेश गरेको हुनु पर्नेछ ।

१६. प्रत्येक वडामा बृक्षा रोपण, भू-संरक्षण तथा जलाधार संरक्षणको कार्यक्रम समावेश गर्नु पर्नेछ ।

१७. प्रस्तावित सबै कार्यक्रम कार्यान्वयनको प्रकृया खुलाउनु पर्नेछ ।

१८ वडामा उपलब्ध गराईएको वजेट शिलिङ्को कम्तीमा ६० प्रतिशत रकम पूर्वाधार क्षेत्रको विकासमा अनिवार्य रुपमा विनियोजन गर्नु पर्ने छ ।

१९ श्रममा आधारित रोजगार कार्यक्रम (प्रधानमन्त्री रोजगार, युवा स्वरोजगार र मुख्यमन्त्री रोजकार) लाई थप प्रभावकारी बनाउन योजना निर्माणको लागि खरिद गर्नु पर्ने निर्माण सामाग्री खरिद गरी उपलब्ध गराउने गरी वजेट व्यवस्था गर्नु पर्नेछ ।

निर्णय नं. ३

यस नगरपालिकाको आगामी आ.व.को वार्षिक योजना निर्माण गर्ने कार्यको लागि लक्ष्य तथा क्षेत्रगत वजेट शिलिङ्ग निम्न बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

## लक्ष्य तर्फ

"आगामी १ वर्ष भित्र मुख्य ग्रामीण सडकहरु सवै मौसममा सञ्चालन योग्य हुनेछन् ।"

"आगामी १ वर्ष भित्र सवै नगरबासीहरुको आधारभुत खानेपानीमा पँहुच पुग्नेछ ।"

"आगामी १ वर्ष भित्र सवै नगर भित्रका सवै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गरिनेछ ।"

"आगामी १ वर्ष भित्र कृषि र पशु पालनमा नगरपालिकाको विशेष पहिचान स्थापीत हुनेछ ।"

"आगामी १ वर्ष भित्र सवै वस्तीहरुमा गुणस्तरीय विद्युत सेवा उपलब्ध हुनेछ ।"

"आगामी वर्ष विश्वभर महामारीको रुपमा आएको कोविड १९ बाट नगरवासीलाई थप सुरक्षित राख्न व्यापक रुपमा निःशुल्क परिक्षण, अक्सीजन सहितको आइसोलेसन कक्ष थप गरी सुरक्षित गरिनेछ ।"

"आगामी १ वर्ष भित्र छरिएका तथा अव्यवस्थित बस्तीहरुलाई एकिकृत गर्ने तर्फ प्रयास गरिनेछ ।"

"आगामी १ वर्ष भित्र सवै स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधार गर्ने र शिनपा ३ मा १५ शैयाको अस्पताल निर्माण को कार्य सुरुवात गरिनेछ ।"

"समग्र नगरपालिका चुरे क्षेत्रमा अवस्थित भएकाले विकास प्रकृयामा वन, वातावरण तथा जलाधारको संरक्षणलाई मार्गदर्शक सिद्धान्तको रुपमा अवलम्बन गरिनेछ ।"

"लोकतन्त्रको आत्मा सुशासनलाई प्रत्याभूत गर्न नीतिगत, संस्थागत, कार्यक्रमगत सुधार एवं संस्थागत विकास गर्दै लगिनेछ ।"

"एकल जिवन विताई रहेका नगरवासी, ग वर्गका अपाङ्गहरुलाई नियमित भत्ताको व्यवस्था गरी आत्मसम्मान बढाईने छ ।"

"लिफ्ट खानेपानी योजनाको विद्युत महशुलमा नगरपालिकाबाट आवश्यक सहयोग गरि खानेपानीमा उपयोगमा सुविधा दिईने छ ।"

## क्षेत्रगत वजेट तर्फ

(क) आर्थिक विकास समिति रु २ करोड ५० लाख

(ख) सामाजिक विकास समिति रु ३ करोड

(ग) पूर्वाधार विकास समिति रु २२ करोड

(घ) वातावरण तथा विपद् व्यवस्थापन समिति रु ६० लाख

(ङ) संस्थागत विकास सेवा प्रवाह र सुशासन रु १२ करोड

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौ शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

शिक्षा शाखा प्रमुख श्री नमनारायाण वेल्वासे स्वास्थ्य शाखा शिनपा

शिक्षा शाखा प्रमुख श्री नगेन्द्र प्रसाद नेपाल शिनपा

प्राविधिक शाखा प्रमुख श्री विवेक के.सी. शिनपा

पशु विका शाखा प्रमुख श्री गणेश थापा शिनपा

महिला विकाश शाखा प्रमुख श्री मधु पन्थी शिनपा

**मिति २०७८/२/२४ गतेको नगरकार्यापालिका बैठकका प्रस्तावहरु**

१. प्राथमिक स्वास्थ्य केन्द्रका मेडिकल अधिकृतको थप सुविधा सम्बन्धमा ।

२. ढुङ्गेसेराको पहिराको खोल्सी खोल्ने सम्बन्धमा ।

३. जाली र टनेल खरिद गर्ने सम्बन्धमा ।

४. सडक हेरालु सम्बन्धमा ।

५. सामुदायिक स्वास्थ्य इकाई थप गर्ने सम्बन्धमा ।

६. पावरा स्मार्ट कृषि गाउँ कार्यकमलाई अनुदान दिने सम्बन्धमा ।

७. वजेट विनियोजन सम्बन्धमा ।

८. यम मल्टी एग्रोलाई कागतीका विरुवा दिने सम्बन्धमा ।

९. कोभिडबाट मृत्यु भएका नगरबासीको लास व्यवस्थापन खर्च सम्बन्धमा ।

१०. आय फिर्ता सम्बन्धमा ।

११. क्षेत्रगत नीति तथा प्राथमिकताका आधार निर्धारण गर्ने सम्बन्धमा ।

१२. वडा स्तरीय योजना तर्जुमा गर्दा अपनाउनु पर्ने मार्गदर्शन स्वीकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको ठाडामा रहेको एक मात्र प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत नहुँदा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कठिनाई भई एक जना मेडिकल अधिकृतलाई करारमा राखिएकोमा निजलाई नेपाल सरकारको नियमानुसारको तलव भत्ता तथा कोभिड जोखिम भत्ता १०० प्रतिशत, आवास सुविधा र इन्धन सुविधा सहित मासिक रु १०००००।- उपलब्ध गराउने गरी गरिएको करार सम्झौतालाई अनुमोदन गर्दै उक्त नपुग रकम नगरपालिकाले आन्तरिक श्रोतबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस शितगंगा नगरपालिकाको वडा नं. ११ को ढुङ्गेसेरामा यसै वर्षको असोज महिनामा परेको अविरल वर्षाको कारण ढुङ्गेसेरा गाउको खोल्सीको विच भागमा ढुङ्गा माटो थुप्रीन गई दुवै तर्फ कटान तथा क्षती गरिरहेकोले उक्त खोल्सीलाई पुरानै धारबाट बगाउने गरी मेशिन प्रयोग गरी कार्य भएकोमा सो कार्य गर्दा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा निकट भविश्यको वर्षालाई मध्यनजर गर्दै रु ५ लाखको तार जाली खरिद गर्ने र यस नगरपालिकाको वडा नं. २ मा हावा हुरीका कारण टनेलमा क्षति पुराई राहत माग भई आएकाले पिडितहरुलाई प्रति टनेल रु ४०००।- का दरले विपद कोषबाट राहत सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा वर्षाको कारण सडकमा ठूलो क्षति हुने भई सडक मर्मत खर्चिलो हुने र सामान्य पहिरोका कारण पनि अवरुद्ध हुने भएकाले यस वर्षको वर्षालाई मध्यनजर गरी सडक सुचारु गरि राख्न निम्न सडकको निम्न खण्डमा प्रति दिन रु ५००।- ज्याला दिने गरी सडक हेरालु २०७८ साल आषाढ, श्रावण र भाद्र महिनाको लागि राख्ने निर्णय गरियो ।

१. हर्रे सिद्धारा प्रहरी चौकी सडक हेरालु १ जना ।
२. धानखोला करमगैरा लामिदमार सडक हेरालु १ जना ।
३. ठाडा अमराई जुकेना देउराली ऐरावती (पतञ्जली मार्ग), जलुके सडक वडा नं. ४, ५, ६, ७ मा १/१ जनाका दरले हेरालु ४ जना ।
४. भेडामारे सिमलपानी पावर विकम सडकमा भेडामारे सिमलपानी खण्डमा १ जना र सिमलपानी पावरा सडक खण्डमा २ जना गरी हेरालु ३ जना ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्र आधारभुत स्वास्थ्य इकाई थप गर्ने सन्दर्भमा आगामी बैठकमा छलफल गरी टुंग्याउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल यस नगरपालिकाको वडा नं. १४ मा पावरा स्मार्ट कृषि गाउँ कार्यक्रम प्रदेश सरकार र नगरपालिकाको साझेदारीमा संचालन गर्ने गरी भएको सम्झौताबमोजिम नगरपालिकाले व्यहोर्ने रकम उपलब्ध गराई दिन भनि समूहबाट माग भई आएकोले उक्त कार्यक्रमको अनुगमन गरी सो का

आधारमा बढीमा रु ६ लाख यस नगरपालिकाले कुनै शिर्षकमा बचत हुने रकमबाट अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा निम्न योजनाहरु मर्मत गर्नु पर्ने तथा निर्माण गर्नु पर्ने आवश्यकता भएकोले चालु आ.व.को बचत हुने रकमबाट तपशिल बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) पावर विकम जोड्ने झो.पु.पहुच मार्ग ग्राभेल शिनपा १४ रु ३०००००।-

(ख) भुमिकास्थान भुल्के धनुखर्क पिपलारुख बग्र मो.वा. शिनपा ५ रु २५००००।-

(ग) काउले खोला खानेपानी मोटर मर्मत शिनपा ४ रु १०००००।-

(घ) हात्तिढुङ्गा खा.पा. शिनपा ८ रु १३००००।-

(ङ) हर्रे खा.पा. मुहान जाने बाटो निर्माण रु १५००००।-

(च) श्री सरस्वती मा.वि. शिनपा २ विशेष शिक्षा शौचालय मर्मत रु ७५०००।-

(छ) विभिन्न साइजको एचडिपी पाईप खरिद रु ५०००००।-

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. १० मा रहेको यम मल्टी एग्रो कृषी फर्मको करिव ४००० बोट कागती जंगल आगलागीका कारण डडेर नष्ट भएकोले राहत स्वरुप उक्त फर्मलाई १०००।- बोट कागतीका विरुवा नगरपालिकाले खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाका बासिन्दाहरु कोभिड १९ महामारीको कारण मृत्यु भएका मृतकको लास व्यवस्थापन गर्दा भएको तथा हुने खर्च नगरपालिकाले विपद कोष बाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्र भित्रको घर जग्गा रजिष्टेसन पास गर्दा संकलन भएको राजश्व बापतको रकम मालपोत कार्यालयबाट प्राप्त हुदै आएकोमा उक्त प्राप्त रकमको ५ प्रतिशत रकम व्यवस्थापन खर्चका लागि मालपोत कार्यालयलाई फर्ता गर्नु पर्ने व्यवस्था रहेकोले उक्त प्राप्त रकम मध्येबाट नियमानुसार ५ प्रतिशतले फिर्ता गर्नु पर्ने रकम फिर्ता दिने निर्णय गरियो ।

अन्य प्रस्तावहरुको विषयमा छलफल गर्दा समय अभावका कारण छलफल गर्न नसकिएकोले भोलि विहान पुन ९:० बजे बैठक वस्ने निर्णय गरियो ।

सहयोगी कर्मचारीहरु श्री नुमलाल खनाल सहायक पाचौं शितगंगा न.पा.

सहयोगी कर्मचारीहरु श्री ओम प्रकाश पाण्डे ना.सु शितगंगा न.पा.

मिति २०७८/१/२६ गतेको नगरकार्यापालिका बैठकका एजेण्डाहरु

१. दररेट संसोधन सम्बन्धमा ।

२. कोभिड नियन्त्रण सम्बन्धमा ।

३. परदेश सरकारमा समपुरक अनुदानका योजना मागको लागि छनौट गर्ने सम्बन्धमा ।

४. सडक प्राथमिकता सम्बन्धमा ।

५. धानको विउ खरिद सम्बन्धमा ।

६. अवरुद्ध सडक मर्मतको रकम भुक्तानी सम्बन्धमा ।

७. सिद्धारा प्रहरी चौकी छाना छाउन नपुग रकम थप गर्ने सम्बन्धमा ।

८. नदीजन्य पदार्थ अमानतबाट लैजान अनुमती दिने सम्बन्धमा ।

९. स्वास्थ्य तर्फ रिक्त प्राविधिक पदहरु करारमा पदपूर्ति गर्ने सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ को (१) बमोजिम चालु आ.व.को नगरपालिकाको दररेट मिति २०७७/३/३० गतेको कार्यपालिकाको बैठकबाट स्वीकृत भई सोही बमोजिम कार्यान्वयन भई रहेको अवस्थामा स्वीकृत कार्यकम अनुसार २६ गेज मिडियम जस्तापाता खरिदको लागि खरिद प्रकृयामा पटक पटक सूचना प्रकाशन तथा इविडमा राख्दा समेत तोकिएको दररेट भित्र उपलब्ध गराउन सम्बन्धित उत्पादक तथा वितरकले प्रस्ताव पेश नगरेकोले दररेट संसोधन गरी खरिद गर्नु पर्ने भई कार्यालयबाट दररेट संसोधन तथा सुझाव समिति गठन भई सो समितिले विभिन्न वितरकसँग २६ गेज मिडियम जस्ता पाताको हालैको वजार दररेट माग गरी सो को अध्ययनबाट उपलब्ध दररेट मध्ये न्यूनतम दररेटलाई आधार मान्दा विद्ययमान दररेट भन्दा औषत ४१ प्रतिशत अर्थात रु ३१२६।- बृद्धी भएको भनि अध्ययन तथा सुझाव समितिले दिएको प्रतिवेदन अनुसार मिति २०७७/१/२३ गते बसेको नगर दररेट निर्धारण समितिबाट दररेट संसोधनका लागि सिफासिर भएबमोजिम २६ गेज मिडियम प्रति वण्डल जस्तापातको दररेट १०,६५०।- (मुअकर र ढुवानी बाहेक) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोभिड नियन्त्रण सन्दर्भमा नगरपालिकाबाट गरिएको प्रयास, उपचारको लागि उपलब्ध सुविधा तथा व्यवस्थापन समेतको विषयमा छलफल भयो । नगरपालिका, वडा कार्यालय,

सम्बन्धित शाखा बाट कोभिड नियन्त्रणमा सकृय रुपमा भुमीका निर्वाह गर्दै आवश्यक सहयोग एवं सक्दो प्रयास गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा प्रदेश सरकारबाट आगामी आ.व.मा समपुरक अनुदान योजना तथा कार्यक्रम कार्यान्वयनको लागि छनौट गरी मिति २०७८ साल बैशाख मसान्त भित्र पठाउन भनि लेखिआएककोमा प्रदेश सरकार र स्थानीय तहको ५०/५० प्रतिशत लगानीमा आगामी आ.व.मा कार्यान्वयन गर्न निम्न अनुसारका योजना छनौट गरी प्रदेश सरकारमा तोकिएको समय भित्र पठाउने निर्णय गरियो ।

तपशिल

(क) ठाडा अमराई जुकेना देउराली ऐरावती सडक (पतञ्जली मार्ग) स्तरोन्नती रु १,५०,००,०००।-

(ख) पिपरा सिमलपानी भेडामारे चाक्ला चिदिचौर सातमारा भालुवाङ्ग (सहिद कृष्णसेन इच्छुक स्मृती मार्ग)- चाक्ला देउराली विक्रम सडक खण्ड स्तरोन्नती रु १,५०,००,०००।-

(ग) लामाताल बढीदमार सडक रु ५०,००,०००।-

(घ) खयरभट्टी फोर्सल सुपारीनेटा बाँके (सहिद तारा तेज स्मृती मार्ग) सडक स्तरोन्नती रु ५०,००,०००।-

जम्मा रु ४,००,००,०००।-

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरका गौरवका सडक योजना मध्ये निम्न सडकहरुलाई प्राथमिकता दिई आगामी आ.व.को वजेट विनियोजन गर्दा प्राथमिकताका साथ विनियोजन गर्ने निर्णय गरियो ।

(क) हर्रे बहखोर लौरी सडक

(ख) सितापुर सुवर्णखाल मन्द्रे नेटापोखरा सडक

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा चालु आ.व.को कार्यक्रम अनुसार वडा कार्यलहरुले धानको विउ वितरण गर्न वजेट विनियोजन गरेकोमा कृषकहरुबाट हाईव्रिड जातको धानको विउ को माग आएको तर कृषि सुचिमा उक्त विउ उल्लेख नभएकोले कृषकको माग बमोजिम वडा कार्यालयहरुबाट खरिद भई वितरण भएको उक्त हाईव्रिड जातको धानको विउलाई समर्थन गर्दै आगामी दिनमा समेत सो जातको विउ खरिद गरी वितरण गर्न सकिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा देउराली जलुके लामाताल सडक खण्ड अर्न्तगत जलुके नजिकैको वाकस पहिरो भन्ने स्थानमा पहिरो गई सडक अवरुद्ध भई अबरुद्ध सडक पहिरो हटाउने कार्य भएको र सो कार्य गर्दा भएको खर्च कन्टिन्जेन्शीबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा सिद्धारा प्रहरी चौकी पुरानो छाना फेरी नया छाना छाउन मिति २०७७/१२/२४ को कार्यपालिकाको निर्णयबाट रु १ लाख विनियोजन भएकोमा सो रकमबाट उक्त छाना छाउने कार्य सम्पन्न हुन नसकेकोले छानाछाउन लाग्ने थप खर्च समेत कन्टिन्जेन्सीबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकार क्षेत्र भित्र पर्ने विभिन्न नदी खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्री गर्ने कार्यको लागि आइइइ भई जिल्ला अनुगमन समितिबाट अनुगमन गरी राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट सहमती प्राप्त भएअनुसार बढाबढको लागी सूचना प्रकाशन गर्दा ठेक्का हुन नसकेका नदी खोलाहरुको नदीजन्य पदार्थ राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिबाट प्राप्त सहमती बमोजिमको परिमाण भित्र रही प्रदेश सरकार तथा यस नगरपालिकाले तोकिएको दररेटमा नघट्ने गरी कसैबाट लैजान माग भई आएमा अमानतबाट लैजान अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाको स्वास्थ्य तर्फ सर्शत तर्फको बजेटबाट तलव भत्ता भुक्तानी हुने प्राविधिक पदका दरवन्दीहरु (मेडिकल अधिकृत, हेल्थ असिस्टेन्ट, अहेव, नर्स, अनमी लगायत) रिक्त रहेकोले उक्त रिक्त पदमा आवश्यक्ता बमोजिम करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।